सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय, स्याङजासँग सम्बन्धित सार्वजनिक विवरण

# जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको

**(PROACTIVE DISCLOSURE)**

स्वतः प्रकाशन

सम्वत् २०८२ श्रावण १ देखि पौष मसान्तसम्म




प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

स्याङ्जा

अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रणमा सहकार्य जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ।

जिल्ला प्रशासन कार्यालय, स्याङजाले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (goals) लिएर काम गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (objectives) लाई आत्मसात गरेको छ।

**३.१ जिल्ला प्रशासन कार्यालय, स्याङजाको काम, कर्तव्य र अधिकारः**

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

क) जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गर्ने,
ख) जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग र समन्वय गर्ने,
ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने,
घ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने,
ङ) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने,
च) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने,
छ) नागरिकताको प्रमाणपत्र वितरण गर्ने,
ज) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने,
झ) राहदानी सम्वन्धी कार्य गर्ने,
ञ) संस्था दर्ता तथा नवीकरण गर्ने,
ट) राष्ट्रिय परिचय पत्रको विवरण दर्ता र वितरण,
ठ) जाति, जनजाति प्रमाणित,
ड) नाबालक परिचयपत्र वितरण गर्ने,
ढ) नाता प्रमाणित गर्ने,
ण) जग्गा प्राप्तिका कार्यहरू गर्ने,
त) वैदेशिक रोजगारीमा ठगी सम्बन्धी प्राप्त हुने उजुरी सम्बन्धमा,
थ) पत्रपत्रिका तथा छापाखाना दर्ता,
द) जिल्लामा ज्यालाको दररेट निर्धारण गर्ने,
ध) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने।

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय, स्याङ्जासँग सम्बन्धित सार्वजनिक विवरण

(२०८२ श्रावण १ देखि २०८२ पौष मसान्तसम्म)

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

## १. परिचय

गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो। यस जिल्लाको सदरमुकाम पुतलीबजार समुद्री सतहबाट ८५० मीटर उचाइमा रहेको छ । समुद्र सतहबाट न्युनतम ३६६ मीटर (केलादी) देखि अधिकतम २,५१२ मीटर (पञ्चासेको लेक) सम्म उचाइमा रहेको जिल्लाको पूर्वमा तनहुं, पश्चिममा गुल्मी, उत्तरमा पर्वत र कास्की र दक्षिणमा कालीगण्डकी नदीसहित पाल्पा जिल्ला रहेका छन्। सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले जिल्लालाई करिब बीचबाट पूर्व र पश्चिम गरी विभाजन गरेको छ। सुनौली–पाल्पा–स्याङ्जा–पोखरा–काठमाडौ सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्जा जिल्लामा हाल ७९ कि.मी. भन्दा लामो सडक क्षेत्र रहेको छ। यहाँ पहिलो नमुना ग्रामीण पर्यटन गाउ "पञ्चमूलको सिरुबारी", छ भने दूध, सुन्तला, अदुवा र कफी उत्पादन गर्ने जिल्लाको रुपमा समेत परिचित छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क अनुसार स्याङ्जाको जनसङ्ख्या २,५४,९६५ रहेको छ। यस जिल्लाले नेपालको क्षेत्रफलको ११६४ वर्ग कि.मि. (०.७९ प्रतिशत) भू-भाग समेटेको छ। ७७ जिल्ला मध्ये स्याङ्जा जिल्ला क्षेत्रफलका आधारमा ६४ औं स्थानमा रहेको छ।

## २. ऐतिहासिक परिचय

विभिन्न अभिलेख र जानिफकार व्यक्तिहरुको कथन समेतको आधारमा स्याङ्जा जिल्लालाई प्रागः ऐतिहासिक कालमा भृगु ऋषिको तपस्यास्थल (हालको चण्डीभञ्ज्याङ्ग गाविसको भृगतुम), श्रवण कुमार र अन्धाअन्धीको किंवदन्तीसंग जोडिएको आँधीखोलाको उद्गमस्थल अन्धाअन्धी दह र स्वस्थानी ब्रतकथामा उल्लेख भए अनुसार सती देवीको शेषअंग पतन भएको छाङ्छाङ्दीको छाँया क्षेत्र आदिको भौगोलिक स्वरुपमा लिन सकिन्छ। प्राचीन कालमा हालको स्याङ्जा जिल्लाको भूबनोट दक्षिण र दक्षिण पश्चिमको पवित्र धार्मिक नदी कालीगण्डकी किनारका सेतीबेणी, रुरु क्षेत्र, केलादीघाट, राम्दीघाट, छाँया क्षेत्र हुँदैं उत्तर पञ्चासेधाम (बालाचतुर्दशीका दिन मेला लाग्ने स्थान) वरिपरिको धार्मिक पवित्रस्थल भनी शास्त्रहरुमा उल्लेख भएको पाइन्छ। प्राकृतिक, सांस्कृतिक र मनोरम दृश्यहरुबाट सौन्दर्यित स्याङ्जा जिल्लाले नेपाल एकीकरण पूर्व चौबिसे राज्य अन्तर्गत ६ टुक्रे रजौटाहरु गह्रौं, भीरकोट, सतौ, नुवाकोट, ढोर र पैंयुले आफ्नो ऐतिहासिक पहिचान बोकेको छ। ढोर र पैंयुको धेरै जसो भूभाग क्रमशः तनहुँ र पर्वतमा विलय भएपछि बाँकी चार रजौटाबाट शासित भूभाग नै आधुनिक स्याङ्जा जिल्लाको पहिचान बनेर रहेको छ।

## ३.जिल्ला प्रशासन कार्यालय, स्याङजाको परिचयः

जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। यस कार्यालयका काम, कर्तब्य र अधिकारहरुलाई खासगरी स्थानीय प्रशासन ऐन, २०२८ मा आधारित छन्। जिल्लामा बिकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको

प्रेम सुवेदी
प्रमुख जिल्ला अधिकारी

३.२ जिल्ला प्रशासन कार्यालय, स्याङजामा रहेको कर्मचारी दरबन्दी संख्याः

| सि.नं. | पद | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | |
| ४ | नायव सुव्वा | ७ | |
| ५ | लेखापाल | १ | |
| ६ | कम्प्युटर अपरेटर | २ | |
| ७ | खरिदार | ४ | |
| ८ | हलुका सवारी चालक | २ | |
| ९ | कार्यालय सहयोगी | ७ | |
| | जम्मा | २७ | |

३.३ जिल्ला प्रशासन कार्यालय, स्याङजाबाट प्रदान गरिने सेवाको विवरणः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवाः

- नाम थर वा उमेर आदि प्रमाणित,
- नावालकको उमेर प्रमाणित,
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस,
- दलित, मधेसी, आदिवासी जनजाति प्रमाणित,
- पत्रपत्रिका दर्ता,
- छापाखाना दर्ता,
- पारिवारिक विवरण प्रमाणित,
- विविध कार्यः तोकिए बमोजिमका अन्य कार्यहरु।

ख) राहदानी सम्वन्धी सेवाः

- राहदानी अनलाइन विवरण संकलन तथा भेलिडेसन ,
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित,
- राहदानी वितरण।

ग) नागरिकता सम्वन्धी सेवाः

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण,
- गैरआवासीय नागरिकता विरतण
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण,
- सामान्य संशोधन।

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाः

- अभद्र व्यवाहार, जुवातास, कालोबजारी तथा जलचर सम्बन्धी विभिन्न मुद्धाहरुको सुरु कारवाही र किनारा
- सवारी ज्यान क्षतिपूर्ति मुद्धाहरुको फैसला र क्षतिपूर्ति भराउने कार्य
- गुनासो वा ठाडो उजुरी।
- मुद्दा सम्बन्धी विभिन्न कामकारवाही।

ङ) **हातहतियार इजाजत तथा नवीकरणः** हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

च) **पेन्सन सिफारिस सम्वन्धी सेवाः** पारिवारिक पेन्सन,शपथ पत्र, दुइ नामथर र जन्ममिति प्रमाणित, रहलपलह सम्वन्धी सिफारिस

छ) **संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवाः**

- संस्था दर्ता तथा नवीकरण,
- संस्थाको विधान संशोधन,
- जिल्लामा संस्थाको शाखा/सम्पर्क कार्यालय खोल्ने अनुमति।

ज) **आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवाः**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।
- उपभोक्त हित संरक्षण सम्बन्धी विभिन्न जनचेतामूलक कार्यक्रम संचालन

झ) **विपद् व्यवस्थापन सम्वन्धी सेवाः**

- जिल्ला विपद् ब्यबस्थापन समितिको वैठक आयोजना,
- विपद् सम्वन्धी कार्ययोजना निर्माण,
- विपद् भएको क्षति विवरण संकलन,
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनःस्थापना।
- स्थानीय विपद् व्यवस्थापन समितिहरुसँग समन्वय र सहकार्य ।
- विपद् सँग सम्बन्धित विषयगत कार्यालयहरु तथा संघ संस्थासँग समन्वय र सहकार्य।

ञ) **अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवाः**

- अख्तियार दुरुपयोग सम्वन्धी प्राप्त उजुरी एवं निवेदनहरु उपर छानवीन गरि कारवाही तथा प्रतिवेदन पठाउने कार्य ।

ट) **जग्गा प्राप्ति सम्बन्धी सेवाः**

- बैठक संचालन
- सूचना प्रकाशन,
- मुआब्जा निर्धारण,
- जग्गा प्राप्ति ।

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

३.४ जिल्ला प्रशासन कार्यालय, स्याङजामा रहेका शाखा र जिम्मेवार कर्मचारीः

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

| सि.नं. | शाखाको नाम | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय प्रशासन, शान्ति सुरक्षा, हातहतियार, संघसंस्था, पेन्सन सिफारिस तथा प्रशासन शाखा | ना.सु. राम प्रसाद पौडेल<br>क.अ. सरिता थापा<br>खरिदार मोहन राज पौडेल | |
| २ | राहदानी शाखा | ना.सु कृष्ण बन्धु ढकाल<br>ना.सु.रोहिणी रमण पौडेल | |
| ३ | नयाँ नागरिकता शाखा | ना.सु. जगुलाल पाण्डे<br>ना सु दिनेश शर्मा | |
| ५ | मुद्दा शाखा | ना सु वुद्धि प्रसाद शर्मा<br>खरिदार गोविन्द बहादुर घर्ति | |
| ६ | प्रतिलिपि नागरिकता शाखा | ना.सु. दीप नारायण सापकोटा<br>क अ विष्णु प्रसाद चापागाइ | |
| ७ | अभिलेख | खरिदार पुनम शर्मा<br>खरिदार दिनेश ढकाल | |
| ८ | लेखा शाखा | ले.पा. रमेश वि क | |
| | राष्ट्रिय परिचयपत्र शाखा | क.अ. ममिता भुषाल<br>क.अ. अनुप भण्डारी<br>क.अ. अस्मिता श्रेष्ठ | |

नोटः उल्लिखित सबै शाखामा जिम्मेवार अधिकारीहरूको रूपमा प्रशासकीय अधिकृत सूर्य प्रसाद शर्मा तोकिनुभएको छ।

३.५ जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा कार्यरत कर्मचारीको विवरण।

| कोठा नं. | फाँट | कर्मचारीको विवरण | मोवाइल नं. | फोन नं. |
|---|---|---|---|---|
| २०१ | प्र.जि.अ. | इश्वरी प्रसाद अर्याल | ९८५६०४७७७७ | ०६३-४२०२७० |
| २०५ | स.प्र.जि.अ. | प्रेम सुवेदी | ९८५६०५२४४४ | ०६३-४२०१३३ |
| १०५ | प्र.अ. | सुर्य प्रसाद शर्मा | ९८५६०४७७७८ | |
| १०९ | प्र.अ. | राजेन्द्र प्रसाद चपागाई | ९८५६०४७७८५ | |
| २०३ | आर्थिक प्रशासन | रमेश वि.क. | ९८५६०४७७८१ | ०६३-४२१२१० |
| १०६ | प्रशासन | राम प्रसाद पौडेल | ९८५६०४०३३९ | |
| | | सरिता थापा | | |
| | | मोहनराज पौडेल | ९८४९६४५३४२ | |
| १०२ | राहदानी | रोहिणी रमण पौडेल | ९८५६०४०९२६ | |
| | | कृष्ण बन्धु ढकाल | ९८४९१५१७०६ | |
| १०१ | नागरिकता | दिनेश ढकाल | | ०६३-४२१०६४ |
| | | दिनेश शर्मा | | |
| १०३ | प्रतिलिपि | विष्णु प्रसाद चापागाई | ९८४६०७३१०२ | |
| | | दिपनारायण सापकोटा | ९८४६०५२४३० | |
| २०४ | मुद्दा | गोविन्द बहादुर घर्ती | ९८५७६३२१३६ | ०६३-४२१२१० |
| | | बुद्धि प्रसाद शर्मा | ९८४६०७२०६८ | |

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

३.९ सम्पादन गरेको कामको विवरणः २०८२ श्रावण १ देखि २०८२ पौष मसान्तसम्मको अवधि

| सि.नं | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता वितरण वंशज (प्रतिलिपि बाहेक) | ३८२७ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| २ | वैवाहिक अंगिकृत नागरिकता | ३ | |
| ३ | गैर आवासीय नेपाली नागरिकता | ५ | |
| ४ | नागरिकताको प्रतिलिपि | ६६९१ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| ५ | राष्ट्रिय परिचय पत्र विवरण संकलन | १८४६६ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| ६ | राष्ट्रिय परिचय पत्र कार्ड वितरण | ६६३६ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| ७ | नागरिकता परित्याग | ११ | |
| ८ | पुरानो नागरिकताको अभिलेखिकरण | सवै सकिएको | |
| ९ | राहदानी सिफारिस | ५२५२ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| १० | राहदानी वितरण | ४५०२ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| ११ | गुनासो वा ठाडो उजुरी | १० | |
| १२ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस व्यहोरा प्रमाणित | १०५० | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| १३ | नावालक परिचय पत्र | ३५२ | इलाका प्रशासन कार्यालय वालिङ समेत |
| १४ | छापाखाना दर्ता | नभएको | |
| १५ | संस्था दर्ता | १२ | |
| १६ | संस्था नवीकरण | १९९ | |
| १७ | संस्थाको विधान संशोधन | ४ | |
| १८ | पत्रपत्रिका दर्ता | नभएको | |
| १९ | हातहतियार नामसारी | १ | |
| २० | हातहतियार नवीकरण | १९ | |
| २१ | विपद् पीडितलाई राहत वितरण | रु.५०,४०,०००/ | विपद् प्रभावित आवासपुर्ननिर्माण वापत दोस्रो किस्ता |
| २२ | द्वन्द पीडितलाई राहत रकम | ४७६०००/ | |
| २३ | विदेशमा मृत्यु भएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति वितरण | रु.९९,१४,४१५/ | |
| २४ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा दर्ता -<br>फर्छ्यौट - | १७<br>१३ | |
| २५ | अ.दु.अ.आ. तथा माथिल्लो निकायबाट प्राप्त उजुरी | २ | |
| २६ | एकीकृत घुम्ति शिविर आयोजना | नभएको | |
| २७ | वजार अनुगमन | कार्यालयको नेतृत्वमा ६ पटक | अन्य पालिकाको समन्वयमा सबै पालिकामा भएको |
| २८ | विकास आयोजना निरिक्षण | नियमित | |
| २९ | सार्वजनिक सुनुवाई कार्यक्रमहरुको समन्वय | १ | |
| ३० | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत | प्रकोपको समयमा | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय स्याङ्जा

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १२ | संस्था नवीकरण | ५००। | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा/सम्पर्क खोल्ने स्वीकृति | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित, मधेशी, आदिवासि सिफारिस | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १०००।<br>साप्ताहिक ५००।<br>पाक्षिक ३००।<br>मासिक २००। | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण | ३०००। | प्रक्रिया पुगेकै दिन | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण | २०००। | प्रक्रिया पुगेकै दिन | |
| २१ | नाम थर जन्म मिति संशोधन | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २२ | नाता प्रमाणित | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २३ | क्षतिपूर्ति एवं राहत वितरण | | प्रक्रिया पुगेकै दिन | |
| २४ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | १०। को टिकट | कानून वमोजिम | |
| २५ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १०। को टिकट | यथाशीघ्र | |
| २६ | अन्य मुद्दा | १०। को टिकट | यथाशिघ्र | |

**३.७ निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

क) निर्णय गर्ने प्रक्रियाः सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

ख) निर्णय गर्ने अधिकारीः

- प्रमुख जिल्ला अधिकारी।
- सहायक प्रमुख जिल्ला अधिकारीः प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम।
- प्रशासकीय अधिकृतः प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम।

**३.८ निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

| | | | | |
|---|---|---|---|---|
| ११२ | राष्ट्रिय परिचयपत्र | ममिता भुषाल | ९८४६२२४५७८ | |
| | | | | |
| | | अस्मिता श्रेष्ठ | | |
| | | सृष्टि ढकाल | ९८०४११३७५८ | |
| | अभिलेख | दिनेश ढकाल | | |
| २०९ | | पुनम भण्डारी | ९८४६९१०७२५ | |
| | ह स चा | नविन पौडेल | ९८४६२९३९१९ | |
| | | रमाकान्त अर्याल | ९८४१०१२२३४ | |
| १०८ | दर्ता चलानी | राजन प्रसाद पौडेल | ९८४६२३१८९७ | |
| | का.स | रामचन्द्र गिरी | ९८४६२३८३४६ | |
| | | प्रकाश पौडेल | ९८४६३१००४९ | |
| | | जिवन लामिछाने | ९८४६२७७९८७ | |
| | | जया पंगेनी | ९८४६९१०१३१ | |
| | | रेखा सार्की | ९८६३४१८६६५ | |
| PSO | | यम बहादुर रोका क्षेत्री | ९८४६८२१०२० | |
| web: daosyangja.moha.gov.np | | | facebook:www.facebook.com/daosyangja | |
| email: syangjadao.42@gmail.com<br>daosyangja@moha.gov.np<br>abhilekhsyangja@gmail.com | | | twitter: www.twitter.com/@daosyangja | |

३.६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कै |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | २०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | २५००। नावालक (१०बर्ष मुनीका)<br>५०००। साधारण | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | | तुरुन्त | |
| ७ | गुनासो वा ठाडो उजुरी | १० को टिकट | यथाशीघ्र | |
| ८ | नाम थर उमेर आदि प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी

- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम न्यूनिकरण तथा ब्यबस्थापन ऐन, २०७४
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५

३.१२ आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरणः २०८२ श्रावण १ देखि २०८२ पौष मसान्तसम्म

- यस कार्यालयमा उठेको जम्मा राजश्वः रु. १६४३५७२७./-
- यस अबधिमा कायम भएको जम्मा वेरुजुः नभएको।
- पूँजीगत तर्फ प्रगति ८४.४५ प्रतिशत

३.१३ तोकिए बमोजिमका अन्य बिबरणः

३.१४ अघिल्लो बर्षमा संचालित कार्यक्रमको बिबरणः

- जिल्ला स्थित सूचना अधिकारीको ४ वटा बैठक सम्पन्न ।
- तीन वटा सूचना माग भएकोमा इमेल मार्फत उपलब्ध गराइएको ।

३.१५ जिल्ला प्रशासन कार्यालय स्याङजाको वेभसाइट, इ.मेल, फेसबुक, ट्विटर

website: daosyangja.moha.gov.np
email: daosyangja@moha.gov.np/syangjadao.42@gmail.co/abhilekhsyangja@gmail.com
facebook: www.facebook.com/daosyangja
twitter: www.twitter.com/@daosyangja

३.१६ प्राप्त वैदेशिक सहायता, अनुदान, ऋण एवं प्राबिधिक सहयोगः
प्राप्त नभएको ।

३.१७ सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरणः

यो त्रैमासिक अवधिमा १ वटा सूचना माग भएको

प्रेम सुवेदी
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | निरिक्षण | गरिरहेको | |
| ३१ | सेवाग्राही सन्तुष्टि स्तरको मापन | निरन्तर | |
| ३२ | राजनीतिक दलहरु, गै.स.स. र नागरिक समाज संगको समन्वय | निरन्तर | |
| ३३ | जिल्ला सुरक्षा बैठक | १८ पटक | |
| ३४ | अन्तर जिल्ला समन्वय बैठक | २ पटक | |
| ३५ | विपद व्यवस्थापन सम्बन्धि बैठक | २ पटक | |

### ३.१० सूचना अधिकारी र प्रमुखको नाम र पदः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

क) कार्यालय प्रमुखः

- नामः इश्वरी प्रसाद अर्याल
  पदः प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारीः

- नामः प्रेम सुवेदी
  पदः सहायक प्रमुख जिल्ला अधिकारी

### ३.११ ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- दैवी प्रकोप उद्दार ऐन, २०३९
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७

प्रेम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी